STUDY IN ABROAD
AUSTRALIA I NEW ZEALAND
UK I USA I CANADA
IELTS I OET I PTE
Preparation Center
BEACON™
EDUCATION & VISA SERVICES
Study Abroad & Test Preparation Center
Siddhartha Chowk, Pokhara, Nepal
061 578812, 573093 9856031631, 9856071671
info@beaconedu.com.np

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २२ ❑ अङ्क १३३ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ जेठ १३ गते बिहीबार ❑ 27 May 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## प्रदेशका अन्य जिल्ला भन्दा कास्की कोरोनाले बढी प्रभावित

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

कास्की जिल्ला कोरोना संक्रमण (कोभिड–१९) बाट गण्डकी प्रदेशका अन्य १० जिल्ला भन्दा सवैभन्दा बढी प्रभावित भएको छ।

प्रदेशका ११ जिल्ला मध्य कास्कीमा कोरोनाको मृत्युदर ५३ रहेको छ भने मनाङमा मुत्युदर हालसम्म शुन्यमा रहेको छ।

हिमालपारीको जिल्ला मुस्ताङमा कोरोनाको मृत्युदर १.०३ प्रतिशत रहेको छ भने कास्की पछि स्याङ्जामा मृत्युदर १४ प्रतिशत रहेको छ। हालसम्म कास्कीमा कोरोनाले गर्दा २ सय ६८ जनाको मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले जारी गरेको प्रेस विज्ञेप्तिमा जनाइएको छ। यो सङख्या अन्य प्रदेशका अन्य जिल्लाको तुलनामा अध्याधिक धेरै हो।

त्यसै गरी कोरोनाबाट मुस्ताङमा ६, लमजुङमा १२, म्याग्दीमा २३, गोर्खामा २५, तनुहँमा ५८ जना, बागलुङमा ३१, पर्वतमा ३५, स्याङ्जामा ८१, नवलपरासी पूर्वमा ३८ जनाको मृत्यु भएको छ भने हिमालपारीको जिल्ला मनाङमा भने हालसम्म एक जनाको पनि मृत्यु भएको छैन् । प्रदेशमा हालसम्म कोरोनाले ५ सय ७७ जनाको ज्यान गएको छ।

प्रदेशमा हाल १० जहार ७ सय ३९ जना कोरोनाका सक्रिय केस रहेका छन् भने ३७ हजार ९ सय ५४ जनामा संक्रमण देखा परे पनि २६ हजार ६ सय ३८ जना निको भएको छ। पछिल्लो चौविस घण्टामा २ हजार २ सउय २३ जनाको कोरोना परिक्षण गर्दा १ हजार ७९ जनामा कोरोना संक्रमण देखा परेको निर्देशनालयले जनाएको छ।

होम आइसोलेसनमा हाल १० हजार ३ सय १२ जना रहेका छन् । कास्कीमा ४ सहित गण्डकी प्रदेशमा कोरोना शंक्रमणबाट पछिल्लो चौविस घण्टामा थप ७ जनाको मृत्यु भएको छ । प्रदेशको राजधानि पोखराको विभिन्न अस्पतालमा उपचार गर्दै गरेका कोरोनाका बिरामीहरुको मृत्यु भएको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले बुधबार जारी गरेको अध्यावधिकमा उल्लेख गरेको छ । मुत्यु हुनेहरुमा स्याङ्जाका २ र लमजुङका १ जना रहेका छन् ।

पोखरा २६ का २९ वर्षीय पुरुषको सोमबार पोखराको मेडिप्लस अस्पतालमा उपचार क्रममा मृत्यु भएको छ भने पोखरा १२ का ७८ वर्षीय पुरुषले बुधबार होम आइसोलेसनमै ज्यान गुमाए। कास्कीको माछापुच्छ्रे ३ का ८५ वर्षीय पुरुषको मणिपाल शिक्षण अस्पतालमा बुधबार नै मृत्यु भयो भने मणिपालमै स्याङ्जा वालिङ ९ का ४८ वर्षीय पुरुषको मंगलबार मृत्यु भएको निर्देशनालयले उल्लेख गरेको हो।

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पोखरा १ का ४१ वर्षीय पुरुष र वालिङ ८ की ६० वर्षीया महिलाले मंगलबार मृत्यु भएको प्रतिष्ठानका कोभिड उपचार केन्द्रका संयोजक डा. शरदचन्द्र बरालले बताए।

लमजुङको मध्यनेपाल नगरपालिका ४ की ८५ वर्षीय महिलाको गण्डकी मेडिकल कलेज, पोखरामा मंगलबार मृत्यु भएको छ।

## काँग्रेसद्वारा कोभिड नियन्त्रणका लागि सरकारको पुनः ध्यानाकर्षण

**रासस**
**काठमाडौं, १२ जेठ**

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोभिड-१९ महामारी नियन्त्रणमा सम्पूर्ण ध्यान केन्द्रित गर्न सरकारलाई आग्रह गरेको छ।

सभापति शेरबहादुर देउवा निवास बुढानीलकण्ठमा बुधबार बसेको केन्द्रीय पदाधिकारी र पूर्व पदाधिकारीको बैठकले सरकारले कोभिड-१९ महामारीको आडमा राजनीति गर्न खोजेको आरोप लगाएको छ । सभापति देउवा नेतृत्वको प्रतिनिधिमण्डलले कोभिड-१९ संक्रमणको उपचार र रोकथामका लागि प्रधानमन्त्री केपी शर्मा ओलीलाई यही जेठ ६ गते १५ बुँदे सुझावपत्र बुझाएको थियो । बैठकले सो सुझाव कार्यान्वयनमा सरकारले गम्भीर रूपमा चासो नदेखाएको भन्दै पुनः ध्यानाकर्षण गराएको महामन्त्री पूर्णबहादुर खड्काले जानकारी दिए।

बैठकले आवश्यकताअनुसार श्यया, अक्सिजन, आइसियु र भेन्टिलेटरसहितको अस्पताल र आवश्यक स्वास्थ्यकर्मीको व्यवस्था तत्काल गर्न, सबै जनतालाई सहज रूपमा तत्काल कोरोनाविरुद्धको खोप उपलब्ध गराउन, कन्ट्याक्ट ट्रेसिङको आधारमा बढी भन्दा बढी पिसिआर परीक्षणको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराएको छ । नेता खड्काले लम्बिदै गएको निषेधाज्ञाका कारण मारमा परेका दैनिक ज्यालादारी श्रमिक, रोजगारी गुमाएका सर्वसाधारण र व्यापारीलगायतलाई उचित राहतको व्यवस्था गर्न, स्थानीय तहलाई आवश्यक साधन, स्रोतको व्यवस्था गरी संक्रमणको प्रभावकारी रोकथाम, कन्ट्याक्ट ट्रेसिङ, संक्रमितको आइसोलेशन, प्रारम्भिक स्वास्थ्य परामर्श र उपचारको पहुँचमा पुऱ्याउने व्यवस्थाका लागि जिम्मेवारी दिनुपर्नेलगायत विषयमा बैठकले सरकारको ध्यानाकर्षण गराएको बताए।

## संक्रमितभन्दा निको हुनेको संख्या बढ्यो, १४५ को मृत्यु

**रासस**
**काठमाडौं, १२ जेठ**

गत २४ घण्टामा छ हजार ७१६ जना कोरोना भाइरस (कोभिड १९) संक्रमणमुक्त भएका छन् ।

नयाँ भेरियन्टसहितको कोरोना तीव्र रूपमा फैलिएका बेला बुधबार संक्रमितभन्दा निको हुनेको सङ्ख्या बढेको हो । यस अवधिमा छ हजार ७१४ नयाँ सङ्क्रमित थपिएको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । यस अवधिमा नयाँ सङ्क्रमितभन्दा निको हुनेको सङ्ख्या दुई जना बढी रहेको मन्त्रालयले बुधबार आयोजना गरेको पत्रकार सम्मेलनमा जानकारी दिइयो।

देशभरका प्रयोगशालामा १९ हजार ३० नमुनाको पिसिआर परीक्षण गर्दा छ हजार ६७७ जना र ३२२ जनाको एन्टिजेन परीक्षण गर्दा ३७ जनामा सङ्क्रमण पुष्टि भएको छ। पछिल्लो २४ घण्टामा काठमाडौं उपत्यकामा एक हजार ४९३ सङ्क्रमित थपिएका छन् । जसमध्ये काठमाडौंमा एक हजार १३९, ललितपुरमा २४१ र भक्तपुरमा ११३ जना थपिएको मन्त्रालयले जनाएको छ।

योसँगै देशभरमा संक्रिय सङ्क्रमितको संख्या एक लाख १७ हजार ७७ पुगेको छ। पछिल्लो २४ घण्टामा १४५ जनाको कोरोनाकै कारण निधन भएको छ। हालसम्म मृतकको संख्या छ हजार ८४५ पुगेको छ।

## नेपाल समूहका १५ नेता ओलीविरुद्ध एकताबद्ध संघर्ष गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

नेकपा एमालेको माधवकुमार नेपाल समूहले पार्टी अध्यक्ष केपी शर्मा ओलीले हैदमवादी शैलीमा कारबाहीको डण्डा चलाएको बताएका छन् ।

पछिल्लो पटक ११ नेतालाई पार्टी सदस्यबाट निष्कासन गर्ने र १२ जनालाई स्पष्टीकरण सोध्ने निरंकुश तानाशाही निर्णय सार्वजनिक गरिएको भन्दै नेपाल समूहका १५ स्थायी कमिटी सदस्यले भर्त्सना गरेका छन् । एमालेमा नेपाल समूहले सर्वोच्च अदालतको २३ फागुनको फैसलाअनुसार पार्टी र संगठनलाई २ जेठ २०७५ को स्थितिमा सञ्चालन गर्नुपर्ने माग गर्दै आएको छ। अध्यक्ष ओलीले महाधिवेशनबाट निर्वाचित नेताहरुलाई जिम्मेवारीमुक्त गर्नुका साथै पार्टी सदस्य नै नभएकाहरुलाई जिम्मेवारी दिने जस्ता अवैध निर्णय गरेको भन्दै नेपाल समूहले समानान्तर कमिटीहरु बनाएको छ।

पछिल्लो पटक एकताका लागि कार्यदल बनेको थियो । तर प्रधानमन्त्री ओलीले राष्ट्रपतिसँग मिलेमतो गरेर संसद विघटन गर्ने अलोकतान्त्रिक कार्य गरेको भन्दै नेपाल समूहका १५ नेताले संयुक्त वक्तव्यमा भनेका छन्, 'प्रतिनिधिसभा विघटन गरिनु स्वेच्छाचारी र प्रतिगमनकारी कुकृत्य भएकाले यसको विरोधमा आवाज उठाउनु प्रत्येक लोकतान्त्रिक देशभक्त राजनीतिकर्मीको कर्तव्य हो ।' प्रधानमन्त्री ओलीले राज्ययन्त्र, सत्ता र सरकारको चरम दुरुपयोग गरेको र उनको कामकारबाहीले कम्युनिस्ट आन्दोलन र लोकतन्त्र नै क्षतविक्षत् भएको नेपाल समूहको निष्कर्ष छ । 'प्रधानमन्त्री ओलीका पार्टीभित्र र देशमा गरिएका स्वेच्छाचारी, निरंकुश र प्रतिगमनकारी कार्यहरुका विरुद्ध सम्पूर्ण वामपन्थी र लोकतान्त्रिक शक्तिहरुको एकताबद्ध संघर्ष र सहकार्य अपरिहार्य भएको छ । यसका लागि हामीहरु तत्परताका साथ आवश्यक पाइला चाल्न अग्रसर छौं।'

नेपाल समूहका १५ नेताले वक्तव्यमा ओली समूहका धाकधम्की, प्रलोभन र भ्रमलाई अस्वीकार गर्न र दृढताका साथ अघि बढ्न एमाले नेता-कार्यकर्तालाई आह्वान गरेका छन्।

## मुख्यमन्त्री गुरुङद्वारा बुद्ध जयन्तीको शुभकामना

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले महामानव गौतम बुद्धले मानव कल्याण र शान्तिका लागि देखाउनुभएको मार्गदर्शनलाई आत्मसात् गरेर अघि बढ्नुपर्ने बताएका छन् ।

२५६५औं बुद्ध जयन्तीका अवसरमा उनले बुधबार जारी गर्नुभएको शुभकामना सन्देशमार्फत स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण बुद्ध धर्मावलम्बी तथा नेपाली दाजुभाइ तथा दिदीबहिनीमा सुख, शान्ति, समृद्धि र सुस्वास्थ्यको कामना गर्नुभएको हो । नेपालको राजनीतिमा देखिएको उथलपुथलका कारण जनअपेक्षा पूरा गर्न बाधाव्यवधान आइपरेको बताउँदै उनले यस अवसरमा बुद्धले व्यवहारमा प्रदर्शन गरेको त्याग र तपस्याको बाटो वर्तमान अवस्थामा झनै सान्दर्भिक हुने विश्वास व्यक्त गरेका छन् ।

नेपालको पवित्र भूमिमा जन्मेर विश्व मानवका लागि ठूलो योगदान दिनुभएका गौतम बुद्ध नेपालका मात्र नभई विश्वकै प्रेरणाका स्रोत भएको बताउँदै मुख्यमन्त्री गुरुङले शुभकामना सन्देशमा विश्वले मानव कल्याणको बाटो अनुसरण गर्न जुन प्रयत्न गरेको छ नेपालीका लागि गर्व भएको उल्लेख गरेका छन् ।

विश्व नै कोभिड-१९ को महामारीले आक्रान्त भइरहेको वर्तमान अवस्थामा बुद्धले देखाउनु भएको मानव कल्याणको मार्ग झनै सान्दर्भिक भएकामा जोड दिँदै उहाँले मानव अस्तित्व नै सङ्कटमा पार्ने गरी फैलिएको कोरोना भाइरसको सङ्क्रमण न्यूनीकरणका लागि आ-आफ्नो ठाउँबाट जुट्नु आजको आवश्यकता भएको सन्देशमा उल्लेख छ।

## सडक पेटिका कुकुरलाई खाना खुवाउदै पोखराका दुई युवती

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**




कोरोनाको कारण पोखरा सहित कास्कीमा हाल निषेधाज्ञा जारी रहेको अबस्थाका सडक क्षेत्र यति वेला प्राय सुनसान भएका छन् ।

दैनिक ज्यालादारी मजदुरहरुले समेत खानखान समस्या उत्पन्न हुन थालेको अबस्थामा सडक क्षेत्रमा हिड्ने गरेका कुकुरहरुलाई खाना खुवाउने बिषयमा त कसले सोच्ने । तर समाजमा विभिन्न विचार धारा भएका मानिसहरुको सोचमा फरक हुन्छ।

यस्तै फरक सोच पोखरा लेकसाइडका दुई युवतीमा रहेको छ । पोखराको एक रेष्टुरेण्टको क्यासियरमा काम गरेकी युवती झर्ना नेपाली र देवियानी राईले हिजोआज दैनिक जसो लेकसाइडका सडकमा भेटिएका कुकुरलाई खाना खुवाउदै आएका छन् । जहाँ इच्छा त्यही उपाय भने झै भएको जागिर पनि कोरोनाले गर्दा गत बर्षदेखि बेरोजगार भएकी नेपालीले आफ्नो गाँस कटायर भय पनि कुकुरलाई खाना खुवाउन निरन्तरता दिएकी हुन् ।

अन्य दिनमा दैनिक जसो १५/१७ कुकुरहरुलाई विहान विस्कुट र वेलुका खाना खुवाउदै आएकी नेपालीले कोरोनाको कारण हाल पोखरामा पनि निषेधाज्ञा जारी हुँदा होटल तथा रेष्टुरेण्ट बन्द भएसंगै बजारमा चहल पहल ठप्पै भएकोले हाल दैनिक जसो २०/२२ वटा कुकुरलाई खानाको प्रबन्ध गर्दै आएको बताइन्। उनले भनिन् "कुकुरहरु पनि हामी मानव जस्तै प्राणीहरु हुन, उनीहरुलाई पनि भोक लाग्छ, कोरोनाले गर्दा हाल बजार प्राय ठप्प भएको अबस्थामा कुकुरहरुले के खाए होलान भन्ने झन मलाईं चिन्ता लाग्छ ।" कहिले काँहि कुकुरले भोग लागेको अबस्थामा बन्द रहेका सटरहरु समेत हान्ने गरेकोले उनीहरुमा कति भोक लागेको छ भनेर मानवले बुझ्नु पर्ने उनको भनाई छ। नेपालीले भनिन "हामीले खाना खाएको ३/४ घण्टामा भोक लागेको अनुभव हुन्छ, कुकुरहरुलाई पनि भोग हुदो हो, यस्तो अबस्थामा फन उनीहरुलाई खाना खुवाउने ठाँउ प्राय बन्द जस्तै भएको छ, मानिसको चहल पहल कम छ, यसमा हामी जस्ताले यस्ता जनावरको संक्षरण गर्नु पर्छ भन्ने मलाई लाग्छ ।" कुनै घटना तथा दुर्घटनामा परी घाइते भएका कुकुरको रेस्क्यू समेत गरेर उपचार समेत आफुहरुले गराएको नेपालीले जनाइन् । नेपालीको अभियानमा विगत एक बर्ष देखि साथ दिदै आएकी छन एक युवती देवियानी राईले । आफ्नो जागिर नभएको अबस्थामा राईको सहयोग र साथ पाउदा आफुलाई कुकुरहरुको रेखदेखमा धेरै सहज भएको नेपालीले जनाइन् ।

चामल, नुन र मासु तथा हड्डी पकायर उनीहरुले बेलुका लेकसाइड क्षेत्रमा रहेका कुकुरलाई खाना खुवाउन हिड्ने गर्दछन् । पहिला कुकुरलाई खाना खुवाउदा आफ्नो घर परिवारबाट उचित सहयोग नपाए पनि केही समय पनि राम्रै सहयोग हुने गरेको नेपाली र राईले जनाए । राई ह्याण्डिग्राफ व्यवसाय संचालन गर्दै आएकी छन भने नेपालीले सुरु गरेको कुकुरलाई खाना खुवाउने अभियान आफुले समेत जीवन रहदासम्म उनलाई सहयोग गर्ने बताइन्। मासिक करिब ७ हजार रुपैया खर्च लाग्ने भएको उनीहरु बताउछन् ।

कहिले काहि केही व्यक्ति तथा संस्थाबाट सहयोग जुट्ने अन्यथा आफ्नो व्यक्तिगत रुपमा सहयोग गर्दै आएको उनीहरु बताउछन्। आफुलाई पनि सानै देखि कुकुर मन पर्ने भएकोले नेपालीको अभियानमा आफुले पनि सधै साथ दिने राईले बताइन्। उनीहरुको अभियान देखेर समाजका केही व्यक्तिहरु छक्क पर्छन त केहीले राम्रो काम गरेकोमा धन्यवाद सहित कुकुरालाई खाना खुवाउन रकम समेत दिने गरेका छन् ।



# पोखराको रानीवनमा रतुवा मृग हेर्न पाइने

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**



पर्यटकीय नगरी पोखराको विश्व शान्ति जैविक विविधता उद्यान रानीवनस्थित वन्यजन्तु उद्धार केन्द्रमा रतुवा मृग हेर्न पाइने भएको छ।

फेवाताल किनारास्थित फेवा सबडिभिजन वन कार्यालयको हातामा निर्माण गरिएको उद्धार केन्द्रमा गण्डकी प्रदेशका वन, वातावरण तथा भूसंरक्षणमन्त्री विकास लम्सालले सोमबार एक जोडी रतुवा मृग छाड्नुभएको हो । तनहुँ जिल्लाबाट उद्धार गरिएको डेढ वर्षको पोथी र लगभग सात वर्षको भाले उक्त जोडी रतुवा मृग लेखनाथको पचघैयास्थित वन्यजन्तु उद्धार केन्द्रबाट ल्याइएको हो । डिभिजन वन कार्यालय कास्कीले रु १८ लाखको लागतमा रानीवनमा निर्माण सम्पन्न गरेको सो वन्यजन्तु उद्धार केन्द्र हालै सञ्चालनमा ल्याएको हो। वन्यजन्तु उद्धार केन्द्रलाई व्यवस्थित बनाइने बताउँदै मन्त्री लम्सालले प्रदेशभित्रका विभिन्न दुर्लभ जीवजन्तुलाई संरक्षण गर्दै यहाँ आउने पर्यटकले देख्न पाउने गरी व्यवस्थित गर्दै लगिने जानकारी दिनुभयो । उद्धार केन्द्रलाई आकर्षक गन्तव्यका रूपमा विकास गर्न बजेटको कमी हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै उहाँले यसका लागि सम्बद्ध निकायले पनि उत्तिकै चासो दिनुपर्नेमा ध्यानाकर्षण गराउनुभयो । "प्रदेशअन्तर्गतका ११ वटै जिल्लामा वन्यजन्तु उद्धार केन्द्र निर्माण गर्ने मन्त्रालयको योजना रहेको छ", उहाँले भन्नुभयो, "अब प्राणी उद्धार केन्द्रमा उपचार गरिएका वन्यजन्तु बाहिर नपठाई प्रदेशभित्रै व्यवस्थापन गरिने छ।"

मुलुकका सामुदायिक वन समूहलाई समेत विभिन्न वन्यजन्तुको प्रजननूस्थलका रूपमा विकास गरिने तयारी भइरहेको भन्दै उहाँले वन्यजन्तुलाई घेराभित्र नभई प्राकृतिकरूपमै प्रजनन तथा हुर्कने वातावरण बनाउँदै वन वातावरणको संरक्षणसँगै पर्यापर्यटन विकासमा जोड दिइने बताउनुभयो। डिभिजन वन कार्यालय कास्कीका प्रमुख केदार बरालले वन तथा वन्यजन्तु संरक्षणका लागि आवश्यक पूर्वाधार, प्रविधि एवं जनशक्तिको अभाव रहेको बताउँदै आवश्यक व्यवस्थापनका लागि तीनै तहका सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिनुभयो।

उक्त स्थानमा स्थापित नर्सरीमा विभिन्न जातका ३० हजार बिरुवा उत्पादन भइरहेको बताउँदै उहाँले रु चार लाखको लागतमा वन रक्षाका लागि निर्माण गरिएका जीर्ण भवनको मर्मत गरिएको जानकारी दिनुभयो । पचघैया प्राणी उद्धार केन्द्रका व्यवस्थापक विनय अधिकारीका अनुसार उद्धार केन्द्रमा हाल १५ वटा रतुवा मृगसहित चरिबाघ, वन बिरोलो, हुचिल, गिद्ध नीलगाई, स्याल, पानी र सुक्खामा पाइने कछुवालगायतका विभिन्न १८ प्रजातिका वन्यजन्तु रहेका छन् । केन्द्रमा घाइते वन्यजन्तुको उद्धारका लागि एउटा एम्बुलेन्ससमेत व्यवस्था गरिएको छ।

# प्रेस युनियन कास्कीको उत्कृष्ट सदस्य अवार्ड नेपालीलाई

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

नेपाल प्रेस युनियन कास्कीले उत्कृष्ट सदस्य अवार्ड - २०७७ कार्यसमिति सदस्य विजय नेपालीलाई प्रदान गर्ने भएको छ।

नेपाल प्रेस युनियनको स्थापना दिवसमा प्रदान गरिने यो अवार्ड गतवर्ष देखि शुरु गरिएको हो । अवार्डको राशी नगद पाँच हजारसहित दोसल्ला र प्रशंसापत्र रहेको छ । कार्यसमितिका सदस्यमध्ये संस्थागत गतिविधिमा सक्रिय सहभागिता जनाउनेलाई यो अवार्ड प्रदान गरिने अध्यक्ष नवीन सिग्देलले बताउनुभयो । कार्यसमितिका सदस्यलाई प्रोत्साहन गर्न अवार्डको व्यवस्था गरिएको उहाँको भनाइ छ।

हिमदुत दैनिकबाट पत्रकारिता शुरु गर्नुभएका पत्रकार नेपाली पोखराका क्रियाशील पत्रकार हुनुहुन्छ । उनी हाल ढोरपाटन दैनिक र समाचारपत्रमा कार्यरत हुनुहुन्छ। कार्यसमितिको दोस्रो बैठकले उत्कृष्ट सदस्य अवार्डका लागि कार्यमूल्यांकनका आधारमा सदस्य छनोटको अधिकार अध्यक्ष सिग्देललाई दिएको थियो । यसअघि सो



अवार्ड कार्यसमिति सदस्य अनिषा श्रेष्ठलाई प्रदान गरिएको थियो।

कोरोना महामारीका कारण अवार्ड हस्तान्तरण कार्यक्रम भने पछि उपयुक्त समयमा गरिने सचिव प्रदिप पौडेलले जानकारी दिनुभयो। प्रेस युनियनको स्थापना दिवस जेठ १३ गते हो।

# तनहुँका पत्रकार सूर्यचन्द्र बस्नेतलाई खनाल स्मृति पत्रकारिता पुरस्कार

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी सम्पादक सूर्यचन्द्र बस्नेतलाई प्रेस यूनियन तनहुँले स्थापना गरेको 'नरहरि खनाल स्मृति पत्रकारिता पुरस्कार' पहिलो पटक प्रदान गरिने भएको छ।

पत्रकारिता क्षेत्रमा साढे दुई दशकदेखि क्रियाशील यूनियका पूर्व जिल्ला अध्यक्ष रहेका बस्नेतलाई पाँच हजार ५५५ नगद तथा सम्मानपत्रसहित पुरस्कृत गरिने भएको हो। पत्रकार बस्नेतले कानुनमा स्नातक र पत्रकारितामा स्नातकोत्तर तहको शिक्षा हासिल गरेका छन् । हाल बस्नेत सुप्रिम कलेज सामाखुशी र सेफर्ड कलेज नयाँ वावेश्वरमा पत्रकारिता विषय पढाउछन् । युनियनका जिल्ला अध्यक्ष अमरराज नहर्कीको अध्यक्षतामा मंगलबार बसेको भर्चुअल बैठकले बस्नेतलाई सो पुरस्कार प्रदान गर्ने निर्णय गरेको हो । शिक्षक खनालका स्मृतिमा उहाँका छोरा लक्ष्मीभक्त



खनालले युनियनलाई सो पुरस्कार स्थापनार्थ सहयोग गरेका थिए । लक्ष्मीभक्त नेपाल विद्यार्थी सङ्घका पूर्वसहमहामन्त्री थिए।

सो पुरस्कार युनियन स्थापना दिवसका अवसरमा यही जेठ १३ गते प्रदान गरिने भए पनि परि स्थिति सहज भएपछि अर्पण गरिने अध्यक्ष नहर्कीले जानकारी दिए। युनियनका पूर्वजिल्ला अध्यक्ष बस्नेतले तनहुँबाटनै राष्ट्रपुकार साप्ताहिकबाट पत्रकारिताको क्यारियर शुरुआत गरेका थिए । बस्नेतले समाचारपत्र, हिमालय टाईम्स र आदर्श समाज दैनिकको जिल्ला संवाददताको रुपमा काम गरे । दमौलीमै नव व्यासवाणी साप्ताहिकको सम्पादक र तनहुँ आवाज साप्ताहिकको उपसम्पादकका रुपमा काम गरे । राससमा २०५३ मा पाँचौ तहमा केहीसमय काम गरेका पत्रकार बस्नेतले पछि स्ट्रिञ्जर, अधिकृत तहमा स्थायीसँगै राससको तत्कालीन क्षेत्रीय कार्यालय पोखराको प्रमुख तथा केन्द्रीय कार्यालयमा उपप्रमुख समाचारदाता, प्रमुख समाचारदाताका रुपमा समेत काम गरिसकेका छन्। नेपाल पत्रकार महासङ्घ रासस शाखाका पूर्वअध्यक्ष बस्नेतले रासस सञ्चालक समितिका सदस्यको जिम्मेवारीसमेत निर्वाह गरिसकेका छन् । यस अघि बस्नेतले विभिन्न सम्मानसहित नेपाल पत्रकार महासंघ तनहुँले प्रदान गर्ने पत्रकारिता पुरस्कार, रासस पत्रकारिता पुरस्कार – २०६६, पोखरा रोयल सहकारी क्षेत्रीय पत्रकारिता पुरस्कार – २०६६, आरसी कृषि पत्रकारिता पुरस्कार – २०६६ र जीपी कोइराला सक्रिय पत्रकारिता पुरस्कार – २०७० प्राप्त गरिसकेका छन्।

# श्री ओमविकास तथा देउकुमारी स्मृति प्रतिष्ठानद्धारा विपन्न वर्गलाई स्वास्थ्य सामग्री

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

२५६५ औं बुद्ध जयन्तीको अवसरमा श्री ओमविकास तथा देउकुमारी स्मृति प्रतिष्ठानद्धारा पोखरा महानगरपालिका वडा नं १४ नयाँ वस्तीका विपन्न वर्गलाई स्वास्थ्य सामग्री प्रदान गरिएको छ।

कोरोना संक्रमणको जोखिमबाट सुरक्षित राख्नका लागि उक्त वस्तीका १३७ घर परिवारलाई रु ४० हजारको मास्क र डिटोल साबुन लगायतका स्वास्थ्य सामग्री वितरण गरिएको प्रतिष्ठानका अध्यक्ष सवि शेरचनले जानकारी दिनुभयो।

प्रतिष्ठानका सल्लाहाकार गोविन्द नेपालीको समन्वयमा उक्त स्वास्थ्य सामग्री दोभान नमुना टोलविकास संस्थाका अध्यक्ष



डिलबहादुर गुरुङलाई हस्तान्तरण गरिएको हो । अध्यक्ष गुरुङले कोरोना महामारीको अवस्थामा विपन्न परिवारलाई स्वास्थ्य सामग्री हस्तान्तरण गरेको भन्दै प्रतिष्ठानलाई धन्यवाद दिनुभयो।

स्वास्थ्य मापदण्ड अपनाएर सञ्चालन गरिएको उक्त कार्यक्रममा संस्थाका सचिव लोकेन्द्र राई, सहसचिव रामचन्द्र सुनार, आमा समुहका अध्यक्ष सुस्मा परियार, खानेपानी उपभोक्ता समितिका उपाध्यक्ष नारायण गुरुङ, सचिव सोममाया तामाङ लगाएको उपस्थिती रहेको थियो।

सो कार्यक्रमको टोल विकास संस्थाका सल्लाहकार सन्तोष परियारले सञ्चालन गर्नुभएको थियो।

# विश्वशान्ति र मानवकल्याणका लागि बुद्धका सन्देश अनुकरणीय छ : प्रदेश प्रमुख पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १२ जेठ**

गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेलले विश्वशान्ति र मानवकल्याणका लागि गौतम बुद्धका उपदेश अनुकरणीय रहेको बताउनुभएको छ।

दुई हजार ५६५ औँ बुद्धजयन्तीका अवसरमा दिनुभएको शुभकामना सन्देशमा प्रमुख पौडेलले सम्पूर्णको सुख, शान्ति र समृद्धिको कामना गर्दै शाक्यमुनि बुद्धले अंगीकार गरेको शान्ति, अहिंसा र मानवकल्याणको मार्ग अनुसरण गर्न सके मानिस दुःखी हुन नपर्ने विचार व्यक्त गर्नुभएको छ। शुभकामना सन्देशमा नेपाली भूमिमा जन्म लिनुभएका राष्ट्रिय विभूति गौतमबुद्ध नेपालका मात्रै नभई महामानवका रूपमा विश्वकै प्रेरणाको स्रोत भएको उल्लेख गर्दै उहाँले देखाउनुभएको शान्ति, अहिंसा र मानव कल्याणका मार्गमा लाग्न तथा सकारात्मक सोचको विकास गर्न आग्रह गरिएको छ । आज कोरोना भाइरसको विश्व महामारीसँग जुधिरहेका हामी सबैलाई धैर्य गरेर आत्मबल उच्च बनाउने प्रेरणा बुद्धको दुःखसम्बन्धी चतुर्आर्य सिद्धान्तले दिने सन्देशमा जनाइएको छ । प्रदेश प्रमुखले आजकै दिन परेको किराँत राई, याक्खा, सुनवार र लिम्बू समुदायको प्रमुख पर्व उभौली पर्व तथा चण्डीपूर्णिमाका अवसरमा पनि सम्पूर्णमा सुख, शान्ति र समृद्धिको कामना गर्नुभएको छ । कोभिड -१९ को संक्रमणबाट जोगिन स्वास्थ्य मापदण्डलाई पूर्ण रूपमा पालना गरेर धर्म, संस्कार संस्कृति र चाडपर्व मनाउन पनि प्रदेश प्रमुख पौडेलले आग्रह गर्नुभएको छ।

# आर्थिक अवस्था कमजोर भएकालाई गाउँपालिकाबाट खर्च

**पोखरापत्र संवाददाता**
**स्याङ्जा, १२ जेठ**

फेदीखोला गाउँपालिकाले आर्थिक अवस्था कमजोर भएका गाउँपालिकावासीलाई आर्थिक सहयोग गर्ने भएको छ।

कोभिड-१९ को दोस्रो सङ्क्रमण बढ्दै गएको अवस्थामा पनि गाउँपालिकामा सङ्क्रमण देखिएका बिरामी स्वास्थ्य परीक्षणमा चासो नदेखाएको र आर्थिक अवस्था कमजोर हुँदा उपचारमा समस्या आएको भन्दै गाउँपालिकाले पालिकावासीलाई उपचारमा हौसला प्रदान गर्न आर्थिक सहयोग गर्ने निर्णय गरेको गाउँपालिकाले जनाएको छ।

गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले बजेट अभावमा उपचारमा समस्या नहोस् भनेर अर्थिक अवस्था कमजोर भएका पालिकावासीलाई उपचारमा सहयोग पुगोस् भनेर रु १५ हजारसम्म दिने निर्णय भएको बताउनुभयो । अध्यक्ष सुवेदीले भन्नुभयो, "कोरोना पोजेटिभ देखिए पनि आर्थिक अभावमा अस्पताल नगएर घरमै थलिएर बसेको अवस्थामा पालिकाले दिने उपचार खर्चले सहयोग पुग्छ र यसले सङ्क्रमणलाई लुकाउने कार्यमा कमी आउँछ।" बिरामीले अस्पतालमा स्वास्थ्योपचार गराएको कागजपत्रका आधारमा गाउँपालिकाकोकार्यालयमाउपचार खर्च गरेको अवस्थामा रकम उपलब्ध गराउने अध्यक्ष सुवेदीले बताउनुभयो।

गाउँपालिकाका प्रशासकीय प्रमुख चिरञ्जीवी बरालले गाउँपालिकाभित्र ४९ जना सङ्क्रमित रहेको र जसमध्ये नौजना सङ्क्रमण निको भएर घर फर्किएको र एकजना सङ्क्रमित महिलाको मृत्यु भएको जानकारी दिनुभयो। गाउँपालिकाले कोरोना महामारीमा स्वास्थ्य उपचारमा सहयोग पुऱ्याउने उद्देश्यअनुसार पालिकाभित्र दुईओटा एम्बुलेन्स सञ्चालनमा ल्याएको र कोरोना सङ्क्रमित बिरामी र सुत्केरीको उपचारका लागि छुट्टाछुट्टै एम्बुलन्सद्वारा निःशुल्क सेवासमेत दिँदै आएको प्रशासकीय प्रमुख बरालले बताउनुभयो।

गाउँपालिकाले २० शय्याको अक्सिजनसहितको अस्पताल सञ्चालनमा ल्याएको र कोरोना सङ्क्रमितहरूलाई सङ्क्रमितको घरघरमै पुगेर औषधिसमेत वितरण गर्दै आएको गाउँपालिकाले जनाएको छ । जिल्लामा यो समाचार तयार पार्दासम्म कूल एक हजार ८४२ जना सङ्क्रमित भएका छन् भने ३२० जना निको भएर घर फर्किएका छन्।

मृत्यु हुनेको सङ्ख्या ७९ पुगेको छ भने विभिन्न ६४ जना सङ्क्रमितको विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी मित्रप्रसाद अर्यालले जानकारी दिनुभयो।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार होम आइसोलेशनमा एक हजार ३४३ छन् भने क्वारेन्टिनमा ३६ जना छन्। जिल्लामा २९७ आइसोलेशन शय्या र २४९ अक्सिजन सिलिण्डर रहेको स्वास्थ्य कार्यालयले जनाएको छ।

कपालको उपचार
कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने
के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?
● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ
पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।
महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।
सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।
मलद्वार सम्वन्धी रोग : छारसुत्रद्धार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।
महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार
जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म
सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१
नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दुई वर्षदेखि रोकियो घाटु

– रामबहादुर थापा
बागलुङ, १२ जेठ

यसपालि पनि सती घाटु सम्भिइयो मात्र । कोरोना महामारीको कारण सदियौं पुरानो घाटु देखाइएन । गत वर्ष पनि कोरोना जोखिमकै कारण घाटु रोकिएको थियो । घाटुको पुस्तैनी परम्परा लगातार दुई वर्ष प्रभावित बन्न पुगेको छ । समय ठिकठाक चलेको भए गलकोट नगरपालिका–१० पाण्डवखानीमा यतिबेला घाटुको रौनक छाउँथ्यो ।

बुद्ध पूर्णिमाका दिन त घाटु हेर्नकै लागि मानिसको घुइँचो नै लाग्थ्यो । अहिले पाण्डवखानीमा न वैशाखे पूर्णिमा मेलाको रमफम छ, न घाटुको । घाटु बर्सेनि वैशाख कृष्ण औंसीमा शुरु गरी जेठको तेस्रो साता विर्सजन गर्ने चलन छ । गाउँमा प्रचलित घाटु नाच रोकिँदा कतिपयले अफसोच मानेका छन् । यो वर्ष घाटु देखाउन पाउने आशामा स्थानीयवासी थिए । आउँदो वर्ष पनि के कसो हुने हो अन्योल छ । कोरोना हटेर स्थिति सहज भएमा त पर्व/परम्पराले निरन्तरता पाउने नै छन् ।

घाटु संरक्षण समितिका संयोजक गिरिप्रसाद थापाले प्रतिकूल अवस्थाका कारण घाटुको परम्परामा ठेस लागेको बताउनुभयो । "यसपालि पनि यस्तै भयो, घाटुका गुरुहरूको सम्भना गर्यौं, शरण पर्यौं, सामान्य धजा–पूजा मात्र भयो", उहाँले भन्नुभयो । वर्षभरिमा कसैलाई दुःखकष्ट नपरोस्, बाटोमा हिँड्दा ठेस नलागोस् सबैको भलो होस् भन्ने कामना गरिएको संयोजक थापाले सुनाउनुभयो । पुरानो संस्कृति देखाउन नपाउँदा अप्ठेरो लागे पनि परिस्थिति त्यस्तै आइलागेको उहाँको भनाइ छ ।

घाटु नाचका लागि कम्तीमा पनि २५/३० जना चाहिने, मानिस भेला हुने भएकाले कोरोना सङ्क्रमणको जोखिमबीच त्यो सम्भव हुन नसकेको हो । सङ्क्रमण रोक्नकै लागि अहिले जिल्लाभर निषेधाज्ञासमेत जारी छ । कोरोना गाउँगाउँसम्म फैलँदो छ । घाटुका गुरुबासमेत रहनुभएका थापाले यसरी घाटु नाच रोकिएको आफूले कहिल्यै थाहा नपाएको उल्लेख गर्नुभयो । "पहिले–पहिले गुरुबाहरूको निधन हुँदा रोकिएको हुनसक्छ, तर हाम्रो पालामा पहिलोपटक यस्तो भयो", उहाँले भन्नुभयो । औंसीबाट शुरु हुने भए पनि बुद्ध पूर्णिमाका दिन विशेषरूपमा घाटु देखाउने चलन छ । यस वर्ष बुद्धपूर्णिमा बुधबार परेको छ । सोही अवसरमा लाग्ने वैशाखे पूर्णिमा मेलाको मुख्य आकर्षण पनि सती घाटु बन्ने गर्छ । यो वर्ष पनि कोरानाकै कारण उक्त मेला हुन नसकेको आयोजक घुम्टे सांस्कृतिक तथा प्राकृतिक संरक्षण मञ्चले जनाएको छ । मञ्चले पनि घाटुको संरक्षण र प्रवर्द्धनमा सघाउँदै आएको छ । मञ्चका सहसचिव सुरेश छन्त्यालका अनुसार पूर्णिमा मेला र घाटुको साइनो पुरानो छ । "घाटु हेर्नकै लागि मेलामा मानिसहरूको ठूलो जमघट हुन्थ्यो, तर अहिले कोरोनाका कारण घाटु देखाउने अवस्था रहेन", उहाँले भन्नुभयो । बर्सेनि माघमा फुक्ने (शुरु गर्न मिल्ने) भए पनि वैशाख कृष्ण औंसीदेखि मात्र पाण्डवखानीमा घाटु देखाइन्छ । जेठ अन्तिम साता समापन गरेपछि माघसम्म घाटु नचाउन मिल्दैन । घाटु विर्सजन गर्नुलाई 'घाटु सेलाउने' पनि भनिन्छ ।

घाटु शुरु हुँदा र विर्सजनमा विधिवत् पूजाआजा हुन्छ । बिदाइपछि घाटुनीलाई बाटोमा एक्लैढुक्लै हिँड्दा बाधा नआओस् भन्ने कामना गरिन्छ । "देवीदेउताले छोएका घाटुनीको शरण पर्ने, विधिवत् पूजा गर्ने काम हुन्छ", गुरुबा थापाले भन्नुभयो, "बिदाइमा कारुणिक गीत गाइन्छ, नाच पनि त्यस्तै हुन्छ ।" नाच्ने युवतीलाई घाटुनी भनिन्छ । तीनदेखि पाँच–छ जनासम्म घाटुनी हुन्छन् । तत्कालीन पर्वते राजा परशुराम र रानीको जीवनकथामा आधारित सती घाटु गीतिनाटकको शैलीमा प्रस्तुत गर्ने गरिन्छ । युद्धमा राजाको वीरगतिपछि रानीहरूको बिलौना गीत र नृत्यमार्फत घाटुमा अभिव्यक्त हुने गर्छ । राजाको वियोगमा मुर्छित रानी सती गएको कथालाई गीतिलयमा ढालेर रानीको प्रतीकको रूपमा घाटुनीहरू नृत्य गर्छन् । गीतकै सुरमा घाटुनीहरूको आँखा बन्द हुने, ढल्ने र पुनः गीतबाटै उनीहरूलाई उठाउने गरिन्छ । महिला र पुरुष कलाकारले समूहमा बसेर कारुणिक गीतहरू गाउँछन् । घाटुनीहरू गीतको सुरमा लट्ठिएर नाच्छन् । बिहान शुरु भएको घाटु मध्यरातपछि मात्र पूरा हुन्छ ।

नृत्यकै क्रममा आँखा पुरै बन्द हुनुमा कुनै 'अलौकिक शक्ति' रहेको जनविश्वास छ । सती घाटुमा कथा अनुसार अइरा, सतीलगायत विभिन्न खण्डहरू हुने गर्छन् । अइरा खण्डमा रोपाइँ र ढ्याङ्ग्रो नाच देखाउने गरिन्छ । "सती खण्डमा घाटुनीहरू मुर्छित भएर ढल्छन्, जुन क्षण एकदम कारुणिक हुन्छ", गुरुबा थापाले भन्नुभयो । भगवान् शिवजीले जोगीको भेषमा राजासँग निहुँ खोजेपछि रानी मुर्छित भएर ढलेको कथा सती घाटुमा छ । घाटुनीहरू गीतबाटै ढल्ने र गीतबाटै उठ्ने हुँदा सती घाटुमा अदृश्य शक्ति रहेको विश्वास गरिन्छ ।

पाण्डवखानीको घाटु नाचको कुनै लिखित इतिहास नभए पनि तत्कालीन गलकोटे राजा खानी खन्ने क्रममा त्यहाँ जाँदा घाटु नाच पनि सँगै लिएर गएको गाउँका अगुवा बताउँछन् । पाण्डवखानीसँगै छिमेकी गाउँ रिघा, सिसाखानीलगायत मगर समुदाय भएका ठाउँमा सती घाटु नचाउने गरिन्छ । बागलुङमा सबैभन्दा बढी प्रचलित र लोकप्रिय सती घाटु पाण्डवखानीकै मानिन्छ ।

# एम्बुलेन्स खरिद गर्न प्रवासीको १० लाख सहयोग

पोखरापत्र संवाददाता
बागलुङ, १२ जेठ

अष्ट्रेलियामा रहेका बागलुङवासीले धवलागिरि अस्पतालमा अत्याधुनिक एम्बुलेन्स खरिदका लागि आर्थिक सहयोग गरेका छन् । अस्पतालमा अहिले एउटा एम्बुलेन्स रहेकामा अब प्रवासीको सहयोगमा नयाँ एम्बुलेन्स थपिने भएको छ ।

बागलुङबाट अध्ययन तथा रोजगारीको सिलसिलामा अष्ट्रेलियामा रहेका बागलुङवासीले कोरोना सङ्कटमा साथ दिनका लागि अत्याधुनिक एमबुलेन्स खरिद गर्ने अभियान चलाएका छन् । उनीहरूले कोरोना सङ्क्रमण अथवा कुनै पनि पनि रोगबाट कसैले पनि अकालमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले एम्बुलेन्स खरिदका लागि आर्थिक सङ्कलन अभियान चलाएको र पहिलो चरणमा रु १० लाख हस्तान्तरण गरेका हुन् । सुविधासम्पन्न एम्बुलेन्स अभावमा कतिपय बिरामीको अस्पताल पुऱ्याउँदा नै ज्यान जाने अवस्थालाई मध्यनजर गरी अस्पतालले एम्बुलेन्स खरिद गर्ने गरी रकम पठाएको बागलुङ घर भई अष्ट्रेलियामा रहेर एम्बुलेन्स खरिदका लागि सहयोग सङ्कलन अभियान चलाउनुभएका सुमन विष्टले जानकारी दिनुभयो ।

सुविधासम्पन्न अत्याधुनिक एम्बुलेन्स खरिदका लागि अष्ट्रेलियामा रहेका बागलुङवासीले पहिलो चरणमा रु १० लाख सहयोग गरेका छन् । भन्सार छुटसहित करिब रु २८ लाख ५० हजारमा खरिद गरिने एम्बुलेन्स जिल्लामा अहिले सञ्चालनमा आएका एम्बुलेन्सभन्दाफरकरसुविधासम्पन्न हुनेछ । नयाँ एम्बुलेन्समा दुई बिरामी, स्वास्थ्यकर्मी र आवश्यक उपकरण राख्न सकिनेछ । एम्बुलेन्स खरिदका लागि बाँकी रकम एक हप्तामै आउने र एक महिनाभित्रै अस्पतालमा नयाँ एम्बुलेन्स सञ्चालनमा ल्याउने धवलागिरि अस्पताल व्यवस्थापन समिति बागलुङका अध्यक्ष केबी राना मगरले बताउनुभयो । पहिलो चरणको रु १० लाखको चेक सुमन विष्टका बुवा तिलक विष्टले धवलागिरि अस्पताल व्यवस्थापन समितिका अध्यक्ष रानामगरलाई हस्तान्तरण गर्नुभएको थियो । उहाँले अस्पतालको सिङ्गो टिम र सहयोगीको साथका कारण अस्पतालले मुहार फेरेको बताउँदै अस्तालमा आधुनिक एम्बुलेन्स आउँदा दुःखी तथा गरिबका लागि सहयोगी बन्ने बताउनुभयो ।

यसै गरी बागलुङको कुइँले समाज जापानको तर्फबाट धवलागिरि अस्पतालको स्वास्थ्यकर्मीको सुरक्षाका लागि पिपिइ र मास्क सहयोग गरिएको छ । कुइँले समाज जापानका उपाध्यक्ष रामप्रसाद आचार्य, कुँइले समाज बागलुङका अध्यक्ष कृष्ण आचार्य र तिरुपती बालाजी युवा क्लबका अध्यक्ष गणेश आचार्यले बागलुङ नगरपालिका–४ का वडाध्यक्ष ध्रुवबहादुर केसीको रोहवरमा अस्पतालका अध्यक्ष रानामगरलाई आठ प्याकेट मास्क र १० थान पिपिइ सेट हस्तान्तरण गर्नुभएको थियो ।

# स्थानीय तहको चासो खोपतिर

पोखरापत्र संवाददाता
स्याङ्जा, १२ जेठ

जिल्लामा कोरोना सङ्क्रमणका कारण दैनिकजसो बिरामीको मृत्यु हुन थालेपछि स्थानीय तहका प्रमुखहरूले खोप खरीदप्रति चासो देखाउन थालेका छन् । कोरोना सङ्क्रमणबाट बचाउन खोपको अतिआवश्यकता भएको भन्दै स्थानीय तहका प्रमुखहरूले यसतर्फ चासो देखाएका हुन् ।

वालिङ नगरपालिकाले कोभिड विरुद्धको खोप उपलब्ध गराउन स्वास्थ्य मन्त्रालयलाई एक पत्र लेखेर अनुरोध गरेको छ भने हरिनास गाउँपालिकाका अध्यक्ष खिमनारायण मानन्धरले जनता बचाउनका लागि खोपको अति आवश्यक भएको भन्दै यस आर्थिक वर्षको सबै विकास बजेट कटाएर खोप खरीद गर्न तयार रहेकाले खोप किन्न पाइने ठाउँको खोजी गर्न आग्रह गर्नुभएको छ । वालिङ नगरप्रमुख दिलीपप्रताप खाँणद्वारा हस्ताक्षरित पत्रमा वालिङका नागरिकले खोपको अत्याधिक माग गरेकाले मन्त्रालयबाट उपलब्ध गराउन आग्रह गर्नुभएको छ । नगरप्रमुख खाँणले मन्त्रालयबाट उपलब्ध गराउन सम्भव नभए नगरपालिकाले आफ्नै खर्चमा खोप खरिद गर्ने वातावरण सिर्जना गर्न र नगरपालिकाले आफैं खोप खरिद गर्न तयार रहेकाले खरीदका लागि अनुमति दिन पत्रमा उल्लेख गरिएको छ । हरिनास गाउँपालिका अध्यक्ष खिमनारायण मानन्धरले सरकार पहिला जनता बचाउन लाग्नुपर्ने बताउँदै विकास र राजनीति पछि गर्दै गर्नौंला भन्नुभएको छ । मानन्धरले खोप जसले किने पनि जनताकै पैसा भएकाले खोप किन्न पाइने ठाउँको खोजी गर्नसमेत अध्यक्ष मानन्धरले आग्रह गर्नुभएको छ । जिल्लामा कूल एक हजार ८४२ जना सङ्क्रमित भएका छन् भने ३२० जना निको भएर घर फर्किएका छन् ।

मृत्यु हुनेहरूको सङ्ख्या ७९ पुगेको छ भने विभिन्न ६४ जना सङ्क्रमितको विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी मित्रप्रसाद अर्यालले जानकारी दिनुभयो । जिल्ला स्वास्थ्य कार्यालयले दिएको जानकारीअनुसार होम आइसोलेशनमा एक हजार ३४३ जना रहेका छन् भने क्वारेन्टिनमा ३६ जना रहेका छन् । जिल्लामा २ ९७ आइसोलेशन शय्या र २४९ अक्सिजन सिलिण्डर रहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

# एसइई सञ्चालनको विकल्पबारे कार्यदलले सुझाव तयार गर्दै

रासस
काठमाडौं, १२ जेठ

कोभिड–१९ का कारण स्थगित माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (एसइई) बारे कार्यदलले काम गरिरहकाले दुई साताभित्र विभिन्न विकल्पसहित सुझाव तयार हुने भएको छ ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दीपक शर्माले कोभिडको दोस्रो लहरको प्रभाव कहिलेसम्म रहन्छ भन्ने स्पष्ट नभएकाले नयाँ शैक्षिक सत्र र परीक्षाबारे निर्णयमा पुग्न समस्या भएको जनाउँदै एसइईबारे एकदुई हप्ताभित्र निर्णय गरिने बताउनुभयो ।

'गल्लीगल्ली डटइन्फो'ले आज भर्चुअलरूपमा आयोजना गरेको छलफल कार्यक्रममा प्रवक्ता शर्माले शिक्षक र अभिभावक तम्तयार र उनीहरूबीचको जीवन्त सम्पर्क नभएकाले सिकाइ तथा मूल्याङ्कन सफल नहुने भएकाले विभिन्न माध्यमको प्रयोग गरी स्वास्थ्य सुरक्षालाई ध्यानमा राखेर बालबालिकाको शैक्षिक अधिकार सुनिश्चित गर्नुपर्ने बताउनुभयो ।

उहाँले वार्षिक परीक्षा सम्पन्न गरेका विद्यालयले नयाँ शैक्षिकसत्र सञ्चालन गर्न सक्ने स्पष्ट गर्नुभयो । कक्षा ८, १० र १२ बाहेकका अन्य परीक्षा सम्बन्धित विद्यालयले सञ्चालन गर्न सक्नेछ ।

बालबालिका विज्ञ डा मीनाक्षी दाहालले विषम स्थितिमा बालबालिकालाई समग्र मनोवैज्ञानिक पक्षमा नकारात्मक असर पार्न नहुने बताउनुभयो । अभिभावक महासङ्घका अध्यक्ष सुप्रभात भण्डारीले शिक्षक र विद्यार्थीलाई सहजरूपमा सूचना प्रविधिका साधनमा जोड्नका लागि तीनै तहका सरकारले प्रभावकारी काम नगरेको गुनासो गर्नुभयो ।

# आन्तरिक मूल्याङ्कनबाट नतिजा

पोखरापत्र संवाददाता
दमौली, १२ जेठ

कोरोना कहरका कारण यस वर्षको परीक्षा सञ्चालन हुन नसकेपछि नगरपालिकाले आन्तरिक मूल्याङ्कनबाट विद्यार्थीको नतिजा प्रकाशन गर्ने भएको छ । शैक्षिक शत्र २०७७ को वार्षिक परीक्षा सञ्चालन हुन नसकेपछि नगरपालिकाले मूल्याङ्कनबाट विद्यार्थीको नतिजा प्रकाशन गर्न लागेको हो ।

विद्यालयमा उपस्थित भई परीक्षा सञ्चालन गर्न सम्भव नभएकाले अघिल्ला चरणहरूमा सञ्चालन गरिएका प्रथम र द्वितीय त्रैमासिक मूल्याङ्कनबाट क्रमशः २० र ६० प्रतिशत अङ्कलाई आधार मानी बाँकी २० प्रतिशतको अङ्कका लागि प्रत्यक्ष भौतिक उपस्थिति बाहेकका वैकल्पिक परीक्षाका माध्यमबाट १० प्रतिशत र विद्यार्थीको निरन्तर मूल्याङ्कनका विविध अभिलेखहरूबाट १० प्रतिशत गरी कूल एक सय प्रतिशत अङ्कका आधारमा वार्षिक परीक्षाको नतिजा प्रकाशन गरिने शिक्षा अधिकारी उपसचिव नगेन्द्रप्रसाद रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार वार्षिक परीक्षा र नतिजा प्रकाशन गर्दा जेठ १४ गतेसम्म विद्यालयले भौतिक उपस्थिति बाहेकको वैकल्पिक मूल्याङ्कनको आन्तरिक तयारी गरी विद्यार्थीलाई जानकारी गराउने र जेठ १५ गतेदेखि २५ गतेसम्मका परीक्षाका विधिहरू अवलम्बन गर्ने निर्णय गरिएको छ । विद्यार्थीहरूको मूल्याङ्कन अभिलेखको आधारमा जेठ २८ गते सबै विद्यालयले कक्षा ८ बाहेक बालविकासदेखि ९ सम्मको नतिजा विद्यालय प्रशासनबाट प्रमाणित गरी सार्वजनिकीकरण गर्ने र विद्यार्थी तथा अभिभावकलाई सामाजिक सञ्जाल तथा टेलिफोन मार्फत् नतिजा जानकारी गराउनेछन् । नगरपालिकाले शैक्षिक शत्र २०७८ को लागि विद्यालयमा नयाँ विद्यार्थी भर्ना अभियान कार्यक्रम असार १ गतेदेखि शिक्षक, विद्यार्थी र अभिभावकको प्रत्यक्ष भौतिक उपस्थिति बिना विविध वैकल्पिक माध्यमको प्रयोग गरी सञ्चालन गर्ने रेग्मीले जानकारी दिनुभयो ।


आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## हार्दिक समवेदना



जन्मः वि. स. १९९५/१०/०८ गते

स्वर्गारोहणः वि.स. २०७८/०२/०१ गते

स्व: खिमलाल सुवेदी

पोखरा महानगरपालिका वडा नं. १३ अन्तर्गत पर्ने हिमाली टोल विकास संस्थाका सदस्य उपेन्द्र सुवेदीको पुजनीय पिता **खिमलाल सुवेदी** को ८३ वर्षको उमेरमा भएको असामयीक निधनले हामी सम्पूर्ण टोलवासीहरु अत्यन्त मर्माहत एवं स्तब्ध भएका छौं । आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको लागि भगवानसँग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस भनि कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्या. तेज बहादुर गुरुङ**
**अध्यक्ष एवं**
**हिमाली टोल विकास संस्था परिवार**
**हिमाली मार्ग, पोखरा-१३ कास्की**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो ।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो ॥

## भावपूर्ण समवेदना



जन्मः वि.स. २०३५/८/७ गते

स्वर्गारोहणः वि.स. २०७८/२/१ गते

स्व: सन्तोष कार्की

यस श्री जनकल्याण समितिका आजिवन सदस्य चिनु कुमारी कार्कीका छोरा, कल्याण बहादुर कार्की र राजु कार्कीका भाइ श्रीमती कमला कार्कीका प्रातः स्मरणीय पति तथा छोराहरु सम्राट र स्वीकार कार्कीका आदरणीय पिताजी **सन्तोष कार्की** को ४३ वर्षको उमेरमा भएको अकल्पनीय निधनले हामीहरु अत्यान्तै मर्माहत र स्तब्ध भएका छौं । वियोगको यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति भावपूर्ण समवेदना व्यक्त गर्दै र यस शोकलाई सहन गर्न सक्ने शक्ति प्राप्त होस् भनि सिद्धकालिका मातासँग प्रार्थना गर्दै उहाँ ब्रम्हलीन हुनुभएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र बैकुण्ठवासको कामना गर्दछौं ।

देवराज बराल — अध्यक्ष
एवम्
कृष्णबहादुर क्षेत्री (कुमार) — महासचिव

**श्री जनकल्याण समिति परिवार**
**पोखरा महानगरपालिका-१३, बाँझपाटन**